## दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुका लागि हवाई उद्धार कार्यविधि २०७५ बमोजिम  सेवा प्रवाह गरिका महिलाहरुको मिति २०७६।३।११गते सम्मको अध्ययवधि विवरण

| क्र. सं. | नाम थर | जिल्ला / स्थानीय तह | उद्धारको संक्षिप्त विवरण |
|---|---|---|---|
| १ | निरा शाही | हुम्ला जिल्ला चंखेली गाँउपालिका वडा नं. ४ | मिति २०७५/९/६ गते हुम्ला जिल्ला चंखेली गाँउपालिका वडा नं. ४ की २२ वर्षीय निरा शाही सुत्केरी भएको एक हप्ता पछी अत्याधिक रक्तश्राप भएकोले तत्काल नेपाली सेनाको हेलिकप्टर मार्फत हवाई उद्धार गरी मध्य पश्चिम क्षेत्रिय अस्पताल सुर्खेतमा ल्याईएको । |
| २ | बिन्दा भूजेल | दोलखा जिल्ला मेलुङ्ग गाउँपालिका वडा नं. १ | मिति २०७५/९/२१ गते दोलखा जिल्ला मेलुङ्ग गाउँपालिका वडा नं. १ की २० बर्षीय बिन्दा भूजेल चरीकोट प्राथमिक केन्द्रमा महिना नपुगि सूत्केरी भई बच्चा जन्मिएकोमा बच्चा कम तौलको जन्मिएकोले थप उपचारको लागि सूविधायुक्त अस्पतालमा लैजानु पर्ने भएकोले दोलखा जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यूको समन्वयमा नेपाली सेनाको हेलिकप्टर मार्फत हवाई उद्धार गरी काठमाडौं ल्याईएको । |
| ३ | लोक कुमारी लिम्बु | तेह्रथुम जिल्ला म्याडलुङ नगरपालीका वडा नं. ८ | मिति २०७५/१०/८ गते तेह्रथुम जिल्ला म्याडलुङ नगरपालीका वडा नं. ८ की ३६ वर्षीय लोक कुमारी लिम्बुको सुत्केरी भए पश्चात अत्याधिक रक्तश्राव भई तेह्रथुम जिल्ला अस्पतालबाट निजको ज्यान जोखिममा पर्ने देखिएकोले तत्कालै थप उपचारको लागि सिफारिश गरेकोमा हवाई उद्धार गरी कोशि अञ्चल अस्पताल बिराटनगरमा ल्याईएको । |
| ४ | रोमि वि.क | धादिङ्ग जिल्लाको रुवीभ्याली गाउँपालिका वडा नं. २ | मिति २०७५/१०/२८ गते धादिङ्ग जिल्लाको रुवीभ्याली गाउँपालिका वडा नं. २ स्थित तिप्लिङ कामीगाउँ की २१ वर्षीय रोमि वि.क गर्भवति भएको ८औ महिनामा शरीर अत्याधिक सुनिएकोले स्थानीय प्राथमिक स्वास्थ्य चौकिबाट निजको ज्यान जोखिममा पर्ने देखिएकोले तत्कालै थप उपचारको लागि सिफारिश गरेकोमा हवाई उद्धार गरी काठमाडौं ल्याईएको । |
| ५ | शान्ती बुढा | डोल्पा जिल्ला काईके गाँउपालिका वडा नं. २ | मिति २०७५/११/०७ डोल्पा जिल्ला काईके गाँउपालिका वडा नं. २ सहरतारा बस्ने वर्ष ४२ की श्री शान्ती बुढा सुत्केरी हुन नसकी स्थानीय सहरतारा स्वास्थ्य चौकीमा उपचार हुन नसक्ने भै निजको ज्यान जोखिममा पर्ने हुदाँ तत्काल थप उपचारको लागि सुविधा सम्पन्न अस्पतालमा लैजान सिफारीश भएकोले निजलाई तत्काल नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरी मध्यपश्चिम क्षेत्रिय अस्पताल, सुर्खेतमा ल्याईएको । |
| ६ | अन्जना बोहोरा | बाजुरा  जिल्ला गौमुल गाँउपालिका वडा नं. २ | मिति २०७५/११/०८ बाजुरा  जिल्ला गौमुल  गाँउपालिका वडा नं. २ इर्जाडाडाँ बस्ने वर्ष २२ की श्री अन्जना बोहोरा सुत्केरी भई सालनाल निस्कन नसकेको र अत्याधिक रक्तश्राव भएको तथा स्थानीय स्वास्थ्य सस्था १ दिन पैदल यात्रामा मात्र रहेको हुनाले  स्थानीय स्तरमा उपचार हुन नसक्ने भै निजको ज्यान जोखिममा पर्ने देखिएको भनी गौमुल  गाँउपालिका अध्ययक्ष हरि बहादुर रोकायबाट प्राप्त सुचना अनुसार तत्काल उपचारको लागि सुविधा सम्पन्न अस्पतालमा लैजान अनुरोध भएकोले निजलाई तत्काल नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरीमध्यपश्चिम क्षेत्रिय अस्पताल विरेन्द्रनगर सुर्खेत लगिएको । |
| ७ | मिना तामाङ | धादिङ्ग जिल्ला रुविभ्याली गाउँपालिका वडा नं. ५ | धादिङ्ग जिल्ला रुविभ्याली गाउँपालिका वडा नं. ५ लापा ठूलो गाउँकी २२ बर्षिया श्री मिना तामाङ २०७५।११।२४ गते देखि सुत्केरी व्यथा लागेको र स्थानीय स्वास्थ्य चौकीमा उपचार गर्न नसकी सुविधायुक्त अस्पताल लैजानका लागी सिफारिस गरिएको भनि स्थानीय स्वास्थ्य चौकीका हेल्थ असिस्टेन्टबाट प्राप्त सूचना तथा धादिङ  जिल्लाका प्रमुख जिल्ला अधिकारी समेतको समन्वयमा उद्दार गर्न आवश्यक परेकोले नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरी थप उपचारका लागी प्रसुती गृह काठमाण्डौ लगिएको । |
| ८ | चन्द्ररुपा शाही | मुगु जिल्ला सोरुगाउँपालिका वडा न ५ | मिति २०७५।१२।०४ गते मुगु जिल्ला सोरुगाउंपालिका वडा न५ का जगतबहादुर शाहीकी श्रीमती ३८ वर्षिय  चन्द्ररुपा शाहीलाई दुई दिन देखि सुत्केरी व्यथा लागी  मिति २०७५।१२।०५ गते उपचारका लागी मध्यपश्चिम क्षेत्रिय अस्पताल बिरेन्द्रनगर सुर्खेत लगिएको । |

2066-3-11

| | | | |
|---|---|---|---|
| ९ | धन कुमारी राई | सोलुखुम्बु जिल्ला सोतांगगाउंपालिका | सोलुखुम्बु जिल्ला सोतांगगाउंपालिका वडा नं. का भिम प्रसाद राईको श्रीमति ३० वर्षिया धन कुमारी राईलाई २०७५।१२।०८ गते देखि ३ दिन देखि सुत्केरी व्यथा लागेको र सोतांग प्राथमिक स्वास्थ्य चौकीमा उपचार गर्न नसकी सुविधायुक्त अस्पताल लैजानका लागी सिफारिस गरिएकोमा सोलुखुम्बु जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यू समेतको समन्वयमा उद्दार गर्न आवश्यक परेकोले उद्दार कार्य गरि परोपकार प्रसुती गृह थापाथलीमा उपचारका लागी ल्याईएको । |
| १० | ललिता थापा | मुगु जिल्ला खत्याड गांपालिका वडा नं ८ | मुगु जिल्ला खत्याड गांपालिका वडा नं ८ ठामखेल निवासी लोकबहादुर थापाकी श्रीमति २२ वर्षिय ललिता थापालाई मिति २०७५।१२।१३ गते विहान ८ बजे देखि सुत्केरी व्यथा लागी प्राथमिक स्वास्थ्य चौकीमा उपचार हुन नसकेको हुनाले मिति २०७५।१२।१३ गतेका दिन उपचारका लागी मध्यपश्चिम क्षेत्रिय अस्पताल विरेन्द्रनगर सुर्खेत लगिएको । |
| ११ | मिनमर डोल्मा | गोर्खा जिल्ला चुमनुग्री गाउंपालिका वडा नं. ४ | गोर्खा जिल्ला चुमनुग्री गाउंपालिका वडा नं. ४ का छिरिङ डुडजुड लामाकी श्रीमति २८ वर्षिया मिनमर डोल्मालाई मिति २०७५।१२।१३ गते राती देखि सुत्केरी व्यथा लागेको रपौख सामुदायिक स्वास्थ्य केन्द्रमा उपचार गर्न नसकी सुविधायुक्त अस्पताल लैजानका लागी सिफारिस गरिएको भनि मिति २०७५।१२।१४ गते साझ ६ बजे पौख सामुदायिक स्वास्थ्य केन्दका स्वास्थ्यकर्मी सम्झना बुढा (सम्पर्क नं ९८६०७११७४)बाट प्राप्त सूचना तथा गोर्खा जिल्लाका प्रमुख जिल्ला अधिकारी ज्यू समेतको समन्वयमा उद्दार गर्न आवश्यक परेकोले उद्दार कार्य गरि परोपकार प्रसुती गृह थापाथली ल्याईएको । |
| १२ | जुना तामाग | हुम्ला जिल्ला चंखेली गाउँपालिका वडा नं ५ | मिति २०७६\|०१\|०६ गते हुम्ला जिल्ला चंखेली गाउंपालिका वडा नं ५ निवासी प्रेम तामांगकी श्रीमती वर्ष २७ की जुना तामांग लामो सुत्केरी व्यथा लागेर अत्यधिक रक्तश्राव भई ज्यान जोखिममा परेको हुनाले प्रमुख जिल्ला अधिकारी ढोलकराज ढकाल .फोन नं) ९८५८३१७७७७गाउँपालिका अध्यक्ष धनलाल चौलागा ,(ई .फोन नं ) (९८६४९५४४४३ मार्फत तत्काल हेली उद्धार गर्नुपने सूचना प्राप्त भएको हुदा थप उपचारका लागि मध्यपश्चिम क्षेत्रीय अस्पताल सुर्खेतमा पठाईएको\| |
| १३ | जसु देवी शाही | मुगु जिल्ला खत्यांग गाउँपालिका रातापानी वडा नं ११ | मिति २०७६\|०१\|११ मुगु जिल्ला खत्यांग गाउँपालिका रातापानी वडा नं ११ निवासी वीरचन्द्र कार्की की श्रीमती वर्ष २६की जसु देवी शाही लाई १८ घण्टा देखि सुत्केरी व्यथा लागेर अत्यधिक रक्तश्राव भई ज्यान जोखिममा परेको हुनाले प्रमुख जिल्ला अधिकारी फोन ) वडाध्यक्ष जंग बहादुर कार्की, ,(९८५८३९१७७७,९८५८३४७७७७.नंगाउँपालिका मार्फत तत्काल उद्धार गर्नुपने भन्ने सूचना प्राप्त भएको हुदा मध्यपश्चिम क्षेत्रीय अस्पताल सुर्खेतमा लागिएको \| |
| १४ | लगना बोहोरा | डोल्पा जिल्ला जगदुल्ला गा.पा. ३ | मिति २०७६\|०१\|२० डोल्पा जिल्ला जगदुल्ला गा.पा. ३ निवासी वर्ष २९ कि लगना बोहोरा र लाई प्रमुख जिल्ला अधिकारी सम्पर्क नं.९८५८३०७७७७ सूचना अनुसार प्रदेश **सामाजिक विकास मन्त्रालय**मार्फत सिम्रिक एयरलाइन्सद्वारा मध्येपश्चिमाञ्चल क्षेत्रीय अस्पताल शुर्खेतमा सुरक्षित प्रशुती सेवा उपलब्ध गराउन उद्धार गरिएको \| |
| १५ | सुशिला बि.क | डोल्पा जिल्ला काईके गा.पा.वडा नं.७ | मिति २०७६\|०१\|२२ डोल्पा जिल्ला काईके गा.पा.वडा नं.७ निवासी वर्ष १९ की सुशिला बि.क. लाई प्रमुख जिल्ला अधिकारी सम्पर्क नं.९८५८३०७७७७ सूचना अनुसार प्रदेश **सामाजिक विकास मन्त्रालय**मार्फत सिम्रिक एयरलाइन्सद्वारा मध्येपश्चिमाञ्चल क्षेत्रीय अस्पताल शुर्खेतमा सुरक्षित प्रशुती सेवा उपलब्ध गराउन उद्धार गरिएको \| |
| १६ | स्वस्तिका बम | कालिकोट जिल्ला सान्नीत्रिवेणी गाउँपालिका वडा नं. ६ | मिति २०७६\|०१\|२२ कालिकोट जिल्ला सान्नीत्रिवेणी गाउँपालिका वडा नं. ६ मेलमणि बस्ने वर्ष १७ की स्वस्तिका बम सुत्केरी ब्याथा लागी बर्थिङ सेन्टरमा हुन नसकी ज्यान जोखिममा परेको भनी जिल्ला स्वास्थ्य कार्यालय, प्रमुख जिल्ला अधिकारी (सम्पर्क नं.९८५८३३७७७७) को सिफारिसमा नेपालि सेनाको एयरलाईन्सद्वारा मध्येपश्चिमाञ्चल क्षेत्रीय अस्पताल शुर्खेतमा सुरक्षित प्रशुती सेवा उपलब्ध गराउन उद्धार गरिएको \| |
| १७ | कमला राई | भोजपुर जिल्ला भोजपुर नगरपालिका वडा नं. ७ | मिति २०७६\|०१\| २३भोजपुर जिल्ला भोजपुर नगरपालिका वडा नं. ७ बस्ने वर्ष ३० की कमला राई सुत्केरी भए पश्चात अत्यधिक रक्तश्राव भई स्थानीयस्तरमा उपचार हुन नसक्ने भई ज्यान जोखिममा पर्ने देखिएको भनी जिल्ला स्वास्थ्य कार्यालय, प्रमुख जिल्ला अधिकारी (सम्पर्क नं. ९८५२०१७७७७) को सिफारिसमा नेपालि सेनाको एयरलाईन्सद्वारा कोशी अंचल अस्पताल बिराटनगरमा प्रशुती सेवा उपलब्ध गराउन उद्धार गरिएको \| |

2066-3-११

| | | | |
|---|---|---|---|
| १८ | देवकुमारी पुन | म्यान्दी धवलागिरी गा.पा., मुना , | मिति २०७६।०१।११ म्यान्दी धवलागिरी गा.पा., मुना , धाम बहादुर पुनकी श्रीमती देवकुमारी पुनलाई गा.पा अध्यक्ष (९८५७६२२९२०) को सिफारिसमा सुत्केरी व्यथा लागि तत्काल उद्वार गरी गण्डकी अंचल अस्पताल पोखरामा सुरक्षित प्रशुती सेवा प्रदान गरिएकोमा नाइटभिजन हेलिकप्टर जान नसकि गण्डकी प्रदेश, सामाजिक विकास मन्त्रालयसंगको समन्वयमा पर्वत जिल्ला अस्पतालबाट दक्ष प्राविधिक चित्किसक टोली म्यादीको बेनी पठाउने व्यवस्था गरि बिरामीलाइ एम्बुलेसनमा ४ घण्टा लगाइ बेनी पुयाउने व्यवस्था गरि उद्धार गरिएको । |
| १९ | मेलाना मल्ल | रुकुम पुर्व जिल्ला पुथा उत्तरगंगा गाउँपालिका वडा नं ८ | मिति २०७६।०२।०२ गतेका दिन रुकुम पुर्व जिल्ला पुथा उत्तरगंगा गाउँपालिका वडा नं ८ निवासी वर्ष २७ की मेलाना मल्ललाई तिन दिन देखी व्यथा लागेको बच्चा उल्टो रहेको र स्थानीय स्वास्थ्य चौकीमा उपचार हुन् नसकी ज्यान जोखिममा परेको हुनाले प्रमुख जिल्ला अधिकारीफोन ) माननीय कमला रोक्का , (.९८५११४७१४५.नंमार्फत तत्काल हवाई उद्धार गर्नुपने भन्ने सूचना प्राप्त भएको हुदा मध्यपश्चिम क्षेत्रीय अस्पताल सुर्खेतमा थप उपचारका लागि लगिएको। |
| २० | छिरिङ्ग लामा | गोरखा जिल्लाचुमनुब्री गाँउपालिका वडा नं ७ लार्खाटोल | मिति २०६७।०२।११ गतेका दिन गोरखा जिल्लाचुमनुब्री गाँउपालिका वडा नं ७ लार्खाटोल बस्ने वर्ष २१ की छिरिङ्ग लामा बिगत सात दिनदेखि सुत्केरी व्यथालागि बच्चाको धड्कन कम भएकोले स्थानीय स्वास्थ्य संस्था मा उपचार हुन नसक्ने भै निजको ज्यान जोखिममा पर्ने देखिएको भनीस्थानीयस्वास्थ्य चौकीको कर्मचारी हेमखेमा राई (९७४६०८७२८१) बाट प्राप्त सुचना अनुसार निजलाई तत्काल उपचारको लागि सुविधा सम्पन्न अस्पतालमा लैजान अनुरोध भै आएकाले निजलाई तत्काल नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरी परोपकार प्रसुति गृह काठमाडौं ल्याईएको । |
| २१ | देविकला राई | सोलुखुम्बु जिल्ला महाकुलुङगगाँउपालिका वडा नं ३ | मिति २०७६।०२।११ गतेका दिन सोलुखुम्बु जिल्ला महाकुलुङगगाँउपालिका वडा नं ३ बस्ने वर्ष २२ की देविकला राई गर्भवती भएको ५ महिनामा अत्याधिक रक्तअल्पता (३.४) भएकोले स्थानीय स्वास्थ्य संस्थामा उपचार हुन नसक्ने भै निजको ज्यान जोखिममा पर्ने देखिएको भनी जिल्ला अस्पताल सोलुखुम्बु र प्रमुख जिल्ला अधिकारी (९८५२८२७७७७) बाट प्राप्त सुचना अनुसार निजलाई तत्काल उपचारको लागि सुविधा सम्पन्न अस्पतालमा लैजान अनुरोध भै आएकाले निजलाई तत्काल नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरी परोपकार प्रसुति गृह काठमाडौं ल्याईएको । |
| २२ | अनिपा बुढा | डोल्पा जिल्ला त्रिपुरासुन्दरी न.पा. | मिति २०७६।३।५ गतेका दिन डोल्पा जिल्ला त्रिपुरासुन्दरी न.पा. निवासी वर्ष १६ को अनिपा बुढा लाई प्रसुती व्यथा लागेको,बच्चा उल्टो रहेको र दुने अस्पतालमा अपरेशन गर्नको लागि सुविधा नभएकोले ज्यान जोखिममा पर्ने भनी प्रमुख जिल्ला अधिकारी (९८५८३०७७७७) बाट प्राप्त सुचना अनुसार निजलाई तत्काल नेपाल सेनाको हेलिकप्टरबाट उद्धार गरी सुर्खेत अस्पताल ल्याईएको छ । |
| २३ | अमृता मल्लक | मुगु जिल्ला सोरु गा.पा.वडा नं. १० को कोट गाँउ | मिति २०७६।३।५ गतेका दिन मुगु जिल्ला सोरु गा.पा.वडा नं. १० को कोट गाँउ बस्ने वर्ष २१ अमृता मल्लको सुत्केरी भई सालनाल निस्कन नसकि अत्याधिक रक्तश्राव भई निजको स्थानीय स्वास्थ्य संस्थामा उपचार हुन नसक्ने भएकोले निजको ज्यान जोखिममा पर्ने भनी स्वास्थ्यकर्मी प्रयाग ओली ( ९८५८३६६८८८) र प्रमुख जिल्ला अधिकारी, (फोन नं.९८५८३४७७७७ ) बाट प्राप्त सुचना अनुसार निजलाई तत्काल नेपाल सेनाको हेलिकप्टरबाट उद्धार गरी सुर्खेत अस्पताल ल्याईएको । |
| २४ | पशुपति शाही | जाजरकोट जिल्ला जुनिचाद गा.पा. वडा नं.६ | मिति २०७६।३।०९ गतेका जाजरकोट जिल्ला जुनिचाद गा.पा. वडा नं.६ बस्ने पशुपति शाहीको लामो प्रशव व्यथा बच्चाको हात, सालनाल समेत बाहिर निस्केको बच्चा जन्म नसकेको साथै स्थानीय स्वास्थ्य संस्थामा उपचार हुन नसकी निजको ज्यान जोखिममा रहेको भनि प्रमुख जिल्ला अधिकारी ( ९८५८०४७७७७) मार्फत तत्काल हवाइ उद्धार गर्नु पर्ने भन्ने सुचना प्राप्त भएको हुदा निजको हवाइ |

2066-3-11

| | | | |
|---|---|---|---|
| | | | उद्धार गरी मध्यपश्चिम क्षेत्रिय अस्पतालमा ल्याउने नसकिएको हुदा निजलाई जाजरकोट अस्पताल र प्रमुख जिल्ला अधिकारी को समन्वयमा अस्पताल पुराई उपचार गरिएको । |
| २५ | मोति परियार | सल्यान जिल्ला बनगाड कुविन्डे न.पा.वडा न. ८ | मिति २०७६।३।१० गते सल्यान जिल्ला बनगाड कुविन्डे न.पा.वडा न. ८ बस्ने मोति परियारको वर्ष १७ ले आज बिहान मृत्य शिशुको जन्म दिई निज अचेत अवस्थामा रहेको हुदा निजको ज्यान जोखिममा रहेको भनि प्रमुख जिल्ला अधिकारी, (फोन नं.९८५७८४७७७७ ) मार्फत तत्काल हवाई उद्धार गर्नु पर्ने भन्ने सुचना प्राप्त भएको हुदा निजको उद्धार गरी मध्यपश्चिमाञ्चल क्षेत्रिय अस्पताल सुर्खेत ल्याईएकोमा मिति २०७६।३।११ गते तहां अस्पतालमा आइसियूको व्यवस्था नभएको हुदा थप उपचारका लागि प्रसुतीगृह थापाथली काठमाण्डौ ल्याइएको |

2066-2-11